# लालीगुराँस नगरपालिकाको पाँचौं नगर सभा (२०७६।०३।१०) मा नगर उपप्रमुख श्री तीला पोखरेलले प्रस्तुत गर्नुभएको आ.व. ०७६।७७ को आम्दानी तथा खर्चको अनुमानित विवरण वजेट वक्तब्य ।

नगरसभाका सभाध्यक्षज्यू

उपस्थित नगरसभाका सदस्यज्यूहरु,

नगरपालिकाका कर्मचारी मित्रहरु ।

लालीगुराँस नगरपालिकाको पाँचौ नगर सभा तथा तेस्रो वजेट अधिवेशनमा नगर कार्यपालिकाको तर्फबाट आ. व. ०७६।०७७ को नगरपालिकाको प्रस्तावित आम्दानी तथा खर्चको विवरण (वजेट) प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ । सभाध्यक्षज्यूबाट यस सम्मानित सभामा प्रस्तुत भएको आ.व. ०७६।०७७ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि आ. व. ०७६।०७७ मा निम्न अनुसार आम्दानी तथा खर्च हुने गरी निम्न अनुसार वजेट अनुमान पेश गर्ने अनुमति चाहन्छु ।

<u>क. आम्दानी तर्फ (रु.हजारमा )</u>

| | | |
|---|---|---|
| १. आन्तरिक आम्दानी | ६५,५० | (पैंसठ्ठी लाख पचास हजार) |
| २. राजस्व बाांडफाँडबाट (संघ) | ५,७९,०० | (पाँच करोड उनासी लाख) |
| ३. वित्तीय समानीकरण अनुदान (संघ) | ८,१७,०० | (आठ करोड सत्र लाख) |
| ४. वित्तीय समानीकरण अनुदान (प्रदेश) | ६९,७३ | (उनान्सतरी लाख त्रीहत्तर हजार) |
| ५. सवारी कर बाँडफाँडबाट (प्रदेश) | ५२,५६ | (बाउन्न लाख छपन्न हजार) |
| ६. सशर्त अनुदान (संघ) | १५,६६,०० | (पन्ध्र करोड छैसठ्ठी लाख) |

**जम्मा आम्दानी : ३१,४९,७९ (एकतीस करोड उनन्चास लाख उनासी हजार)**

- उल्लेखित आम्दानी रकममा यस नगरपालिकामा प्राप्त हुनेगरी संघीय सरकार र प्रदेश सरकारबाट उल्लेख भई आएको रकम वाहेक प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, स्थाानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, सामाजिक सुरक्षा भत्ता, सशर्त अनुदान (प्रदेश सरकार) लगायत पछि प्राप्त हुने प्रकृतिका रकमहरु समावेश गरिएको छैन ।
- साथै चालु आर्थिक वर्षबाट बचत भई आगामी आ. व. मा जिम्मेवारी सर्ने रकम तथा चालु वर्षमा संझौता भई भूक्तानी हुन बाँकी रहेका योजनाहरुको योजनागत रुपमा जिम्मेवारी सरेर आगामी आ. व. मा जाने रकम एकिन नभएको हुँदा समावेश गरिएको छैन । सो रकम एकिन भएपछि आगामी वैठकमा पेश गर्नेछु ।

ख. खर्चतर्फ रु.हजारमा

१. चालु खर्च : ६,४४,५० (छ करोड चवालीस लाख पचास हजार)

२. पूँजीगत खर्च : ९,३९,२९(नौ करोड उनन्चालीस लाख उनन्तीस हजार)

३. सशर्त अनुदानतर्फको खर्च : १५,६६,०० (पन्ध्र करोड छैसठ्ठी लाख)

**जम्मा खर्च : ३१,४९,७९ (अक्षरमा एकतीस करोड उनन्चास लाख उनासी हजार)**

आ. व. ०७६।०७७ का लागि आर्थिक तथा विनियोजन विधेयक, चालु खर्च तथा पूँजीगत खर्चको विवरण आगामी वैठकमा पेश गर्ने व्यहोरा समेत सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

। धन्यवाद ॥